परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

'कोशीको गौरव हिमालको सान
पर्यटन वर्षमा सबैलाई सम्मान'
कोशी प्रदेश पर्यटन बर्ष,
२०८२ सफल पारौं ।
प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश नेपाल

❑ वर्ष १४ ❑ अंक १६ २०८२ कार्तिक ३० आईतवार Sunday 16, NOV 2025 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

# प्रतिनिधिसभा पुनर्स्थापनाको माग गर्दै मोटरसाईकल ¥याली



विराटनगर । नेकपा एमालेले प्रतिनिधिसभा पुर्नस्थापनाको माग गर्दै देशभर शनिवार मोटर साईकल ¥याली गरी शक्ति प्रदर्शन गरेका छन् ।

मोरंगमा पनि १७ वटै स्थानीय तहहरुबाट बृहत मोटरसाईकल ¥याली निकाल्दै विराटनगरमा भेला भई बजार परिक्रमा गरि महेन्द्र चोकमा कोणसभा कार्यक्रम गरिएको थियो ।

कोणसभा कार्यक्रममा एमाले उपाध्यक्ष गुरु वरालले संसद पुर्नस्थापना गरि जेनजीको माग संवोधन गर्नुपर्ने भन्दै नेपाली कांग्रेससँग सहमति कायम गरि दुवै दलले संसद पुर्नस्थापनाको माग गर्दै निरन्तर दवावमुलक कार्यक्रम गरिने वताए । उहाँले जेन्जी आन्दोलनको क्रममा भएको तोडफोड एवं आगजनी गर्नेलाई कारवाहीको माग गरेका थियो ।

कोणसभा कार्यक्रममा एमाले केन्द्रीय सदस्य तथा मोरङ इन्चार्ज जीवन घिमिरे, मोरङ अध्यक्ष अजम्वर राई लगायत नेताहरुले जेनजी आन्दोलनको क्रममा भएका तोडफोड, लुटपाट एवं आगजनी गर्नेलाई कानुनी कारवाही, लुटिएका प्रहरीका हातहतियार, गोली, एवं कैदी पक्राउ नगरि भयरहित निर्वाचन हुन नसक्ने वताएका थिए ।

# विराट गोल्डकपको आय-व्याय सार्वजनिक

विराटनगर । विराट गोल्डकप फुटबल प्रतियोगिता २०८१ सम्पन्न भएको छ महिना पछि आयोजक समितिले आय-व्यय सार्वजनिक गरेकोछ । विराट गोल्डकप फुटबल प्रतियोगिता आयोजक समितिका संयोजक नविन रिजालले विराटनगरमा पत्रकार सम्मेलन गरी आय-व्याय विवरण सार्वजनिक गरेको हो ।

आयोजक समितिका संयोजक रिजालले प्रतियोगिता आयोजना गर्दा १ करोड ७ लाख २१ हजार १ सय ८७ रुपैयाँ आम्दानी र १ करोड ४ लाख २६ हजार ८ सय ४ रुपैयाँ खर्च गरी २ लाख ४३ हजार ३ सय ७४ रुपिया आन्दीनी भएको वताए । संयोजक रिजालले प्रतियोगिता सम्पन्न गरी आन्दानी भएको २ लाख ९४ हजार ३ सय ७४ रुपियाको चेक आन्दीनी गर्दा ३ लाख रुपैयाँ आम्दानी भएको चेक विराट गोल्डकप फुटबल ट्र्ष्टका अध्यक्ष किशोरबहादुर शाहीलाई हस्तान्तरण गरेका थिए ।

विराट गोल्डकपको लागि स्पोन्सरवाट ५० लाख ४८ हजार ७४०, विराटनगर महानगरपालिकाले १४ लाख ८२ हजार ९०२, कोशी प्रदेश सरकारवाट ४ लाख ९२ हजार ५००, उद्धव थापा प्रदेश सांसद ४ लाख ९३ हजार ३१०, खेलकुद विकास वोर्ड कोशी प्रदेशले ५ लाख ९२ हजार ४५, खेलकुद परिषदबाट २ लाख ९५ हजार ५००, टिकट विक्री २३ लाख ९ हजार ५००, अन्य आन्दानी ६ हजार ६०० आन्दानी भएको जानकारी गराए ।

त्यसैगरी फिल्ड मेनेजमेन्ट १ लाख ६८ हजार ४३५, फ्लडलाईट ४६ हजार ५००, विद्युत ३० हजार २७५, स्टेशनरी २ लाख २४ हजार ९९२, विज्ञापन १ लाख ६३ हजार ७९२, विज्ञापन प्रसाचर प्रसार २ लाख ४७ हजार ७००, कम्प्युटर मर्मत ५ हजार ९९ रुपियाँ, डिजेल १ लाख ७९ हजार ७८०, रेफ्रि र मेच कमिसनर ३ लाख ४० हजार, नगद पुरस्कार १६ लाख ५५ हजार, खाना र नास्ता १ लाख ३४ हजार

वांकी अन्तिम पेजमा...

# प्रहरी कार्यालयमा तोडफोड गर्ने २१ पक्राउ

विराटनगर । भदौ महिना को २३ र २४ गते भएको जेन जीको आन्दोलनमा केही उच्छृङ्खल तथा अपराधिक मनोवृतिका व्यक्तिहरु आन्दोलनमा घुसपैठ गरी प्रहरी कार्यालय तोडफोड गर्ने २१ जनालाई प्रहरीले पक्राउ गरेका छन् ।

जिल्ला प्रहरी कार्यालयबाट पक्राउ परेको व्यक्तिहरुमा जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. ५ बस्ने वर्ष २२ को विसाल बाल्मिकी, वडा नं. ६ बस्ने वर्ष २४ को चन्दन वर्मा, वर्ष २९ को किसन सहनी, वडा नं. ९ बस्ने वर्ष २७ को गोपी साह, वर्ष २० को विष्णु साफी, वडा नं. १४ बस्ने वर्ष २४ को राजेश पाख रहेका छन् ।

त्यसैगरी जिल्ला मोरङ जहदा गाउँपालिका वडा नं. ५ बस्ने वर्ष २४ को सुरज सिंह, वडा नं. ५ बस्ने वर्ष २२ को मुकेश कामत, वडा नं. २ बस्ने वर्ष ३० को प्रवेश मण्डल, वडा नं. ३ बस्ने वर्ष २५ को सुशिल यादव,

इलाका प्रहरी कार्यालय पथरीबाट पक्राउ परेका व्यक्तिहरुको जिल्ला मोरङ पथरी शनिश्चरे नगरपालिका वडा नं. १ बस्ने वर्ष २३ को चन्द्र कार्की, वर्ष २३ को दिपक चौधरी, वर्ष २५ को मुकेश वराईली, वर्ष २१ को विश्वास थापा, वर्ष १९ को सिदार्थ राई, वर्ष २६ को मिथुन मण्डल।

इलाका प्रहरी कार्यालय उर्लाबारीबाट पक्राउ परेका व्यक्तिहरु जिल्ला मोरङ उर्लाबारी नगरपालिमा वडा नं. ६ बस्ने वर्ष २९ को राज कुमार सहनी, वर्ष ४५ को उदय साह, वर्ष ४० को बब्लु साह, वर्ष ३० को मिलन राई, वडा नं. ७ वस्ने वर्ष २४ को रविन सुन्दास रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय मोरङ र मातहतमा रहेका इलाका प्रहरी कार्यालय पथरी, इलाका प्रहरी कार्यालय उर्लाबारी, प्रहरी चौकी मझारे, सीआरभी पोष्ट केशलिया, जतुवा तथा जिल्ला ट्राफिक कार्यालय मोरङको भवन, ट्राफिक आईल्याण्ड, ट्राफिक लाईट सीसी क्यामरा सीसी क्यामरा तथा सवारी साधन लगायतमा तोडफोड तथा आगजनी गरी क्षेति पुर्‍याउने कार्यमा संलग्न रहेको व्यक्तिहरूलाई पक्राउ गरेको छ ।

उक्त व्यक्तिहरुको सम्बन्ध मा शुक्ष्म अनुसन्धान तथा विश्लेषण गरी पहिचान खुलाई अनुसन्धानको लागी सम्मानित मोरङ जिल्ला अदालतबाट पक्राउ अनुमती लिई उनीहरू लाई पक्राउ गरी सम्मानित अदालतबाट म्यादथप अनुमती लिई थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय, मोरङका प्रवक्ता/सूचना अधिकारी प्रहरी नायब उपरीक्षक कोपिलाले वताए ।

NO SMOKING



## विराट...

९७०, अफिसमा चिया १० हजार ४६, खेलाडीहरुको यातायात खर्च ७ लाख८७ हजार ३३६, खेलाडीको बस्न र खान २६ लाख १ हजार, म्याच मनी एण्ड रेष्ट डे २




लाख ५२ हजार खर्च भएको जानकारी गराए।

त्यसैगरी टी सर्ट ७३ हजार ६००, खेलाडीको लोकल यातायात खर्च २ लाख ६० हजार ५००, खेल मैदान सफाई १ लाख, सेकुरेटी गार्ड २ लाख ७ हजार ६७७, ड्रिकिङ्ग बाटर ४२ हजार ९९०, भ्याट र अन्य खर्च १ लाख ३६ हजार ३७०, बैक कमिसन ७१४, एङ्कर ३० हजार, टिकट काउन्टर ३२ हजार ४००, दास (मान्छे) १ लाख ५६ हजार, फ्लेक्स प्रिन्ट ९५ हजार ७९२, दुवानी ९ हजार २२०, ट्रफि र मायाको चिनो १ लाख ५२ हजार २२५, फायर बक्स पटाका १ लाख, साउण्ड सिस्टम ७ लाख ७१ हजार, पूजा ५ हजार ६००, अफिस स्टाफ ३० हजार, पेट्रोल ३ हजार ८८०, मोवाइल रिचार्ज ९००, मिडिया १ लाख ६५ हजार ३५५, कलाकार ४ लाख १० हजार, ट्राफिक वोर्ड २० हजार खर्च विवरणमा उल्लेख छ।

पत्रकार सम्मेलनमा नेपाल उद्योग परिसंघ कोशी प्रदेशका अध्यक्ष एवं संविधान सभा सदस्य पवन सारडा, मोरङ उद्योग व्यापार संघका अध्यक्ष अनुपम राठी, नेपाल उद्योग परिसंघ कोशी प्रदेश समितिका वरिष्ठ उपाध्यक्ष एवं मोरङ उद्योग व्यापार संघका पूर्व अध्यक्ष प्रकाश मुन्दडाको उपस्थित रहेको थियो। विराट गोल्ड कप फुटबल ट्रष्टका अध्यक्ष किशोरबहादुर शाहीले आगामी प्रतियोगिता बारे १५ दिन भित्रमा ट्रष्टको धारणा सार्वजनिक गर्ने जानकारी गराएको थिए।

विराट गोल्डकप फुटबल प्रतियोगिता २०८१ फागुन १९ देखि २८ गतेसम्म विराट नगरको सहिद रंगशालामा आयोजना भएको थियो।




# प्रदेश प्रहरी प्रमुखबाट प्रहरी कार्यालय सोलुखुम्बुको निरीक्षण



विराटनगर। कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक ईश्वर कार्कीले जिल्ला प्रहरी कार्यालय सोलुको निरीक्षण भ्रमण गर्नु भएको छ।

कार्तिक २५ गते भएको निरीक्षण भ्रमणको क्रममा वहाँले कार्यालय, सम्पुर्ण शाखाहरुको निरीक्षण गर्नुका साथै कार्यरत प्रहरी कर्मचारीहरुलाई आवश्यक निर्देशन दिएका थिए।

निर्देशनको क्रममा वहाँले संगठनको हितलाई प्राथमिकता मा राखेर आफुलाई प्राप्त जिम्मेवारी ईमान्दार र अनुशासित तवरबाट निर्वाह गरी नागरिकको सेवामा सदैव तल्लिन रहनु पर्ने वताउँदै विश्वको सर्वोच्च शिखर सगरमाथाले परिचित नेपालको सोलुखुम्वु जिल्लामा भ्रमणको लागि आउनु हुने पर्यटकहरुलाई सुरक्षित साथ निर्धक्क भ्रमण गरी फर्कने वातावरण बनाउन प्रहरीले मुख्य भुमिका निर्वाह गर्नु पर्ने भन्दै समाजमा आम नागरीक र प्रहरी बिचको सम्बन्ध सुमधुर बनाई कुनै पनि अपराधिक घटनाहरु घट्न नदिनका लागि ग्रामिण भेगका बस्तीहरुमा छोटो तथा लामो दुरीको प्रहरी गस्ती परिचालन गर्न तथा जनचेतनाको कमिबाट हुने घटना दुर्घटना न्यूनीकरण गर्न सचेतनामुलक कार्यक्रमहरु संचालन गर्न समेत निर्देशन दिएका थिए।

सोलुखुम्बु जस्तो दुर दराज पहाडी र हिमाली जिल्लामा सिमित स्रोत साधनको वावजुद पनि निरन्तररुपमा नागरिकहरुमा बिश्वासिलो प्रहरी सेवा प्रदान गर्दै आईरहेकोमा सम्पूर्ण प्रहरी कर्मचारीहरु लाई सेवाको लागि धन्यवाद व्यक्त गर्नुका साथै कार्यरत प्रहरी कर्मचारीहरुको पिरमार्का र समस्याहरुको सुनुवाई समेत गरेको थियो। निरीक्षण भ्रमणको क्रममा कोशी प्रदेश प्रहरी गण विराटनगरका प्रमुख प्रहरी उपरीक्षक रुकेश तण्डुकार समेतको उपस्थिति रहेको थियो।

## जुवातासले गर्छ सर्वनाश

*जुवातासको लतले,*

*- पारिवारिक कलह, झै-झगडा हुने गर्दछ,*
*- सामाजिक तथा पारिवारिक वातावरण अशान्त र कोलाहलपूर्ण हुन्छ,*
*- सम्पत्तिको नाश र परिवारको विच्चली हुन सक्छ,*
*- सामाजिक र आर्थिक संकट उत्पन्न हुन्छ,*
*- पारिवारिक विखण्डनको सम्भावना बढ्छ,*
*- सन्ततिहरू कुलतमा फस्न सक्छन्*
*- सामाजिक प्रतिष्ठामा आच आउँछ,*

*जुवातास खेल्नु/खेलाउनु कानून विपरीत भएकोले नखेलौं/नखेलाऔं !*

**नेपाल सरकार, विज्ञापन बोर्ड**

## विराटनगर महानगरपालिकाको सूचना

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं।
- उपभोक्ता हित संरक्षणमा चनाखो बनौं।
- छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं।
- आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं।
- छाडा चौपायाको नियन्त्रण गरौं, घरपालुवा चौपायाहरु छाडा नछाडौ।
- सडक तथा पेटीकीनयारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं।
- बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं।
- सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं।
- बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- बालश्रम शोषण समाजिक अपराध हो।
- विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- सार्वजनिक स्थलमा जतातत्तै फोहोरमैला नफालौं।

## पूर्वाधार विकास कार्यालय विराटनगर, मोरंग

### पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश

- सडकमा घरपालुवा चौपायाहरू बेवारिसे अवस्थामा नछोडौं।
- सडकको दायाँ-बायाँ रुख विरुवा रोपौं।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादी निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं।
- घर बनाउँदा नेपाल सरकारको मापदण्डअनुसार सडक छोडेर बनाऔं।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरूले माटो बालुवा, गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं।
- सडकको दायाँ बाँयामा क्षति हुनेकुनै पनि काम नगरौं।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं।
- सडक, बाटो तपाई हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं।
- सुरक्षित तथा भुकम्प प्रतिरोधी आवास निर्माण गरौं।
- सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिस्चित गर्नु हो।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं।
- प्राविधीकको निगरानीमा भौतिक संरचना निर्माण गरौं।
- दिगो सडक, पुल, पुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिम रहित पुर्वाधार सेवा प्राप्ती नागरीक अधिकार।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं।

परिवर्तनको लागि क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

प्रवन्ध निर्देशक : सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२, ९८०७३५२२१३
संवाद दाता : मंजु शर्मा कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट : विजय कु.मण्डल
मुद्रक:बाबा प्रिन्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# समान अवसर कहिले ?

नेपालले लोकतन्त्र, समावेशिता र समानताको नारा पटक-पटक दोहोर्याएको छ । यस पटक भएको जेनजी समुहको आन्दोलले समेत देशमा समानता, भष्टाचारको अन्त सुशासन कायम जस्ता मुद्दा लिएर आन्दोलनमा होमिए तर पनि शिक्षा र स्वास्थ्यजस्ता आधारभूत सेवामा समान पहुँच कहिले हन्छ त्यसको कसैसंग जवाफ छैन । शिक्षा र स्वास्थ्यमा समान अवसर हामीलाई कहिले मिल्ने ? यो प्रश्न केवल असन्तुष्टि होइन, राष्ट्रकै विकास-मार्गमा उभिएको गम्भीर यथार्थ हो ।

शिक्षाको अवस्थाबाट प्रारम्भ गरौं । ग्रामीण समुदायका बालबालिकाले अझै पनि असमान सिकाइ वातावरणमा पढ्न बाध्य छन् । कहिँ विद्यालयको भवन जीर्ण छ, कहिँ शिक्षकको अभाव, कहिँ सिकाइ सामग्री नहुँदा विद्यार्थीहरू 'शिक्षा' नामको अवसरबाटै टाढा छन् । एकातिर निजी विद्यालयको चम्किलो सुविधा छ, अर्कोतिर सरकारी विद्यालयको न्यूनस्तर । यस्तो विभाजनले अवसर मात्र होइन, भविष्य नै वर्गीय बनाइदिन्छ । अहिलेको सरकारले शिक्षा र स्वास्थ्यमा समान पहुँच पऱ्याएमा जेनजी आन्दोलनले बनेको सरकार सफल हुन्छ ।

स्वास्थ्य सेवा पनि यस्तै विडम्बनाको चक्रमा छ । राजधानी र ठूला शहरमा अत्याधुनिक उपचार उपलब्ध भयो, तर दुर्गम क्षेत्रमा प्राथमिक स्वास्थ्य सेवा नै अभाव छ । रोग लागेपछि रुग्णालयसम्म पुग्न घण्टौं पैदल हिँड्नुपर्ने अवस्था आज पनि लाखौं नागरिकको नियति बनेको छ । स्वास्थ्य बीमा कागजमै प्रभावकारी देखिन्छ, व्यवहारमा भने औषधि नपाउने, सेवा नपाउने र अस्पष्ट प्रक्रिया भोग्नुपर्ने गुनासो कायम छ । त्यसैले यस तर्फ जेनजी आन्दोलनवाट बनेको सरकारले ध्यान दिन जरुरीछ ।

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ । मनोरञ्जन र भ्रमणको योग छ ।**

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** : युवा वर्गका लाीगि रमाइलो वातावरणको अवसर मिल्ने छ । इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** : युवावर्गका लाीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईंकै हुने छ ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन । बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला । काममा विघ्न वाधाहरु आउन सक्नेछन ।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू) : बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ । मित्रहरको सहयोग राम्रो रहने छ ।

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ । व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ ।

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ । महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ ।

**कुम्भ (गु, गे, गो, सा, सी, सु, से, सो, द) :सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला । भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईंकै हुने छ ।

# नेपाली समाजमा देखिएको अस्थायी निराशा

**समिर वमजन तामाङ**

मानव चेतनाले समूहमा बस्ने निर्णय गरी नियम, मूल्य र संस्कृति निर्माण गरेर समाजको प्रारम्भ गऱ्यो ।

इसापूर्व पाँचौं शताब्दीमा एथेन्समा विकसित प्रजातान्त्रिक अभ्यासले नागरिकलाई के सही, के गलत भन्ने प्रश्न सोध्न प्रेरित गऱ्यो ।

नेपालमा २०६२/६३ को जनआन्दोलनले राजाको पूर्ण सक्रिय शासनको चेतनालाई अन्त्य गरी गणतन्त्रको बाटो खोल्यो ।

समाजको जन्म कुनै भौतिक आवश्यकताले मात्र भएको होइन । तर जब मानिसमा सामूहिक रूपमा सोच्ने चेतना आयो तब समाजको जग बस्यो । मानवको पहिलो चेतना बाँच्नका लागि सुरक्षामा केन्द्रित थियो । हिंस्रक जनावर वा प्राकृतिक विपत्तिबाट एक्लै बच्न नसकिने कुराको ज्ञान भयो ।

यसै चेतनाले गर्दा मानिसले समूहमा बस्नुपर्छ भन्ने निष्कर्ष निकाल्यो। समूहमा बस्ने निर्णय नै पहिलो सामाजिक सम्झौता वा चेतनाको प्रतिविम्ब थियो जसले गर्दा समाजको प्रारम्भ भयो। मानिसले समूह बनायो तर पशुले पनि समूह बनाउँछन् । भिन्नता के हो भने मानव चेतनाले नियम, मूल्य र संस्कृति निर्माण गऱ्यो यो नै समाज हो ।

जनावरको समूह प्रवृत्तिमूलक हुन्छ भने मानव समाज चेतनामूलक। मानव समाजमा भाषा र प्रतीकवादको विकास चेतनालाई व्यक्त गर्न र एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गर्नका लागि भयो । भाषा आफैंमा सामूहिक चेतनाको सबैभन्दा ठूलो उपज हो । भाषाले विचारहरूलाई समाजमा भण्डारण गर्न सहयोग गऱ्यो ।

जस्तैः कुन जडीबुटी काम लाग्छ, वा कसरी शिकार गर्नुपर्छ। यो सामूहिक ज्ञानको बैंक बन्यो। यो काम किन गरिनुपर्छ र किन गरिनुहुँदैन भन्ने सामाजिक नियमहरू भाषाद्वारा स्थापित गरिए । यसले व्यक्तिलाई सामूहिक चेतनाको अधीनमा ल्यायो । यो नै कानूनको प्रारम्भिक रूप थियो । यसै क्रममा मृत्युपछिको जीवन वा अलौकिक शक्तिबारे सोच्ने चेतनाले धर्म र मिथकहरूलाई जन्म दियो। धर्मले लाखौं मानिसलाई एउटै साझा चेतनामा बाँधेर विशाल समाज निर्माण गर्न सहयोग गऱ्यो ।

जब मानव घुमन्ते जीवन त्यागेर खेतीपाती गर्न थाल्यो (कृषि क्रान्ति) भौतिक रूपमा ठूलो परिवर्तन आयो। स्थिर बसोबासले मेरो जमिन, मेरो घर भन्ने व्यक्तिगत सम्पत्तिको चेतनालाई जन्म दियो । बाली लगाउने र बाली उठाउने चक्रले दीर्घकालीन योजना बनाउने चेतनाको विकास गऱ्यो । अतिरिक्त उत्पादन भएसँगै धनी र गरिब वा शासक र श्रमिकको चेतना शुरु भयो ।

समाजको भौतिक संरचनामा खेतीले परिवर्तन ल्याए पनि त्यसलाई व्यवस्थित गर्ने नियमहरू (कसले धेरै पाउने, कसले कम) मानिसको नयाँ र जटिल चेतनाले नै स्थापित गऱ्यो । आदिम समाजमा बुढापाकाको कुरा मान्ने चलन थियो । यो चलन त्यस समूहको सङ्कलित अनुभव र विवेकलाई विश्वास गर्ने सामूहिक विवेक नै समाजको प्रारम्भिक ऐना थियो । शुरुका समाजहरूमा चेतना सरल थियो । त्यसैले समाज पनि सरल थियो ।

इसापूर्व पाँचौं शताब्दीमा ग्रीसको एथेन्समा विकसित भएको प्रजातान्त्रिक अभ्यास इतिहासकै सबैभन्दा ठूलो राजनैतिक चेतनाको छलाङ थियो । सुकरात, प्लेटो र अरिस्टोटल जस्ता दार्शनिकहरूले नागरिकलाई के सही, के गलत भन्ने प्रश्न सोध्न प्रेरित गरे ।

जसरी मानिसको चेतना जटिल, स्वार्थी र द्वन्द्वपूर्ण हुँदैगयो, समाजको रूपरेखा पनि त्यही जटिलताको प्रतिविम्ब बन्दैगयो । आजको आधुनिक समाज त्यसैको ज्वलन्त उदाहरण हो ।

मानव समाज र राजनीतिको सम्बन्धको जग भौतिक आवश्यकतामा भन्दा पनि चेतनाको विकासमा अडिएको छ । जब आदिम मानवले 'म' र 'हामी' बीचको भिन्नता महसुस गऱ्यो, तब नै सामाजिक बन्धन र समूहगत शक्तिको चेतना शुरु भयो । यही सामूहिक चेतनाले कालान्तरमा राजनीतिक संरचनाहरूलाई जन्म दियो। त्यही नै पहिलो राजनैतिक चेतनाको उदय थियो। कृषि क्रान्तिपछि जब मानिस स्थायी रूपमा बस्न थाले, उनीहरूले उत्पादनको वितरण, जमिनको सुरक्षा र समूहको हितका लागि एक अधिकार सम्पन्न नेतृत्वको आवश्यकता महसुस गरे ।

यो महसुस नै प्रारम्भिक संगठित राजनीतिक चेतना थियो। जसले पुरोहित वा शक्तिशाली मुखियालाई शासकका रूपमा स्वीकार गऱ्यो। जब समाज सरलबाट जटिल बन्दै गयो तब न्याय र अन्यायको बोध भयो । मेसोपोटामियाको हम्मूराबीको संहिता (लगभग १७५४ ईसा पूर्व) यसै चेतनाको प्रतिविम्ब हो ।

यसले 'आँखाको बदला आँखा' जस्ता कठोर नियमहरू स्थापित गरेर समाजमा एकरूपता ल्याउन खोज्यो । यो व्यक्तिगत बदलाको चेतनालाई सामूहिक राज्यको न्यायमा परिणत गर्ने प्रयास थियो । प्राचीन समयमा दार्शनिक चेतनाले नै समाज सञ्चालनको मार्ग तय गऱ्यो ।

इसापूर्व पाँचौं शताब्दीमा ग्रीसको एथेन्समा विकसित भएको प्रजातान्त्रिक अभ्यास इतिहासकै सबैभन्दा ठूलो राजनैतिक चेतनाको छलाङ थियो। सुकरात, प्लेटो र अरिस्टोटल जस्ता दार्शनिकहरूले नागरिकलाई के सही, के गलत भन्ने प्रश्न सोध्न प्रेरित गरे ।

प्रत्यक्ष लोकतन्त्रको चेतनाले जन्माएको यो प्रणालीले शासक ईश्वरले पठाएको होइन बरु नागरिकद्वारा चुनिएको हो भन्ने अवधारणा स्थापित गऱ्यो। रोमन गणतन्त्रको विकासले एथेन्सको प्रत्यक्ष लोकतन्त्रबाट प्रतिनिधि मूलक सरकारतर्फको चेतनाको यात्रालाई संकेत गऱ्यो ।

त्यो गणतान्त्रिक चेतनाले शक्ति एक व्यक्तिमा नभई विभिन्न निकाय (सिनेट, म्याजिस्ट्रेट) मा विभाजन हुनुपर्छ भन्ने चेतनालाई स्थापित गऱ्यो ।

चेतनाको सैद्धान्तिक धरातल र दार्शनिक परिभाषा

चेतना केवल जागरूकता वा जान्ने अवस्था मात्र नभई मूल्याङ्कन गर्ने र प्रतिक्रिया दिने क्षमता हो । यही क्षमताले मानिसलाई परिवेशबाट प्राप्त सूचनालाई अर्थ दिन सिकाउँछ । प्लेटोले चेतनालाई 'आइडिया' वा 'रूप' मा लिएका थिए ।

समाजमा न्याय, सत्य र सुन्दरताको खोजी नै यही उच्च चेतनाको प्रतिविम्ब हो । कार्ल मार्क्सले चेतनालाई भौतिक परिवेशको प्रतिविम्ब माने। यो द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोण हो । उनका अनुसार, आर्थिक संरचनाले समाजको चेतना, संस्कृति र राजनीतिलाई निर्धारित गर्छ ।

इतिहास साक्षी छ कि, राजनीतिक संरचनाहरू बलले मात्र होइन बरु प्रबल चेतनाले खडा हुन्छन् र ढल्छन् । त्यही सामूहिक मानव चेतना नै समाजमा राजनीतिक परिवर्तन र आन्दोलनहरूको मूल आधार रहेको छ ।

आधार उत्पादनका साधनहरू र उत्पादन सम्बन्धहरू (अर्थतन्त्र) समावेश हुन्छन्। यो समाजको मूल आधार हो । अधिरचनामा समाजको चेतनाका रूपहरू समावेश हुन्छन्। जस्तै कानून, राजनीति, धर्म, दर्शन, संस्कृति र कला । मार्क्सवादीहरूका लागि समाजको चेतना (अधिरचना) 'आधार' (अर्थतन्त्र) को प्रतिविम्ब हो ।

मानिसको चेतनाले उसको सामाजिक अस्तित्व निर्धारण गर्दैन बरु उसको सामाजिक अस्तित्वले उसको चेतना निर्धारण गर्छ । यस सिद्धान्तले आर्थिक अवस्था परिवर्तन भएमा मानिसको चेतना पनि परिवर्तन हुन्छ भन्ने मान्यता राख्छ । नेपाली समाजमा जब गरिबी र आर्थिक असमानता विकराल बन्दै जान्छ तब हाम्रो राजनीतिक, सामाजिक र सांस्कृतिक विश्वासको चेतना पनि सोही आर्थिक प्रणालीको पक्षमा प्रभावित हुन्छ ।

सामाजिक परिवर्तन ल्याउनका लागि केवल विचार बदलेर मात्र हुँदैन बरु समाजको भौतिक आधारलाई पनि बदल्नुपर्छ । शासक वर्गले आफ्नो शक्ति कायम राख्नका लागि धर्म वा विचारहरू प्रयोग गरी श्रमिक वर्गलाई आफ्नो शोषणको बारेमा सचेत हुन नदिने अवस्थालाई मार्क्सवादीहरू 'झूटा चेतना' भन्छन् ।

सामूहिक चेतना र सामाजिक एकता

फ्रान्सेली समाजशास्त्री एमिल दुरखिमका अनुसार "व्यक्तिहरूको चेतनाको योगभन्दा पनि ठूलो र शक्तिशाली एउटा साझा शक्ति समाजमा हुन्छ"। जसलाई उहाँले सामूहिक चेतना भन्नुभयो। यो समाजका अधिकांश सदस्यहरूले साझा रूपमा धारण गर्ने विश्वास, मूल्य, नैतिकता र भावनाहरूको एक अमूर्त प्रणाली हो । यो हरेक व्यक्तिको दिमागमा नभई समाजकै रूपमा अस्तित्वमा रहन्छ । यसले समाजलाई एकबद्धतामा राखेर व्यक्तिको व्यवहारलाई नियन्त्रण गर्छ। र के सही हो वा के गलत भन्ने सामाजिक मापदण्ड पनि स्थापित गर्छ ।

उदाहरणार्थ नेपाली समाजमा पाहुनालाई देवता सरह मान्नुपर्छ भन्ने मान्यता। यो कुनै एक व्यक्तिको विचार नभई समग्र समाजले स्वीकार गरेको साझा चेतना हो भने भ्रष्टाचारलाई गलत ठान्ने सामूहिक भावनाको उपज हो । जब साझा चेतना कमजोर हुन्छ तब सामाजिक मापदण्ड भत्कन्छ र समाजमा विचलन बढ्छ । समाजमा जब व्यक्तिगत स्वार्थ हावी हुन्छ तब दुरखिमको यो 'सामूहिक चेतना' कमजोर भएको मान्न सकिन्छ । त्यसैले स्वस्थ समाज निर्माणका लागि यस सामूहिक चेतनालाई सकारात्मक मूल्य-मान्यताहरूलाई सामाजिक उत्तरदायित्वले मजबुत बनाउनु पर्छ ।

मिशेल फुकोको शक्ति सिद्धान्तले शक्तिलाई शासन गर्ने एउटा अदृश्य संरचना माने । उनका अनुसार समाजले ज्ञान र प्रवचनको माध्यमबाट मानिसको चेतनालाई नियन्त्रण गर्छ। शिक्षा प्रणाली, मिडिया र विज्ञानले जे कुरालाई सत्य वा सामान्य मान्छ त्यही नै व्यक्तिको चेतना बन्छ । यसरी समाजले नागरिकलाई सचेत रूपमा भन्दा पनि सूक्ष्म रूपमा नियन्त्रण गरिरहेको हुन्छ ।

जब शक्तिशाली राष्ट्र वा शासकले मिडिया, शिक्षा र भाषाको प्रयोग गरेर कमजोर समाजको चेतनालाई हेर्ने दृष्टिकोण परिवर्तन गरिदिन्छ त्यसलाई चेतनाको उपनिवेशीकरण भनिन्छ ।

सांस्कृतिक दर्शन

सांस्कृतिक दर्शनले समाजको चेतनालाई संस्कृति र परम्पराको लेन्सबाट हेर्छ। संस्कृति भनेको पुस्ता दर पुस्ता हस्तान्तरण हुँदै आएको ज्ञान, विश्वास, कला, नैतिक मूल्य र सिकेका व्यवहारहरूको समग्र रूप हो। यसरी संस्कृति भनेको एउटा समाजले हजारौं वर्षदेखि सङ्कलन गरेको सामूहिक चेतनाको संग्रहालय वा भण्डार हो ।

हाम्रा चाडपर्व, भाषा, साहित्य, रीतिरिवाजहरू चेतनाका बाह्य रूपहरू हुन्। उदाहरणका लागि धान नाच, देउडा नाच, कौडा, म्हेन्दोमाया, स्यापु नाच्ने, देउसी-भैलो खेल्ने परम्पराहरू कुनै बेलाको सामूहिक भावना र मूल्यमान्यताको प्रतीक हुन् । अर्कोतर्फ सामाजिक विकृतिको रूपमा सयौं वर्षदेखि गरिँदै आएको जातीय तथा लैङ्गिक विभेद, छाउपडी प्रथा, दाइजो प्रथा जस्ता अमानवीय व्यवहारहरू संस्कारको रूपमा स्थापित नेपाली समाजको धार्मिक चेतनाको रूपमा प्रतिविम्बित थियो र आजसम्म पनि यो यथावत् छ ।

जब शक्तिशाली राष्ट्र वा शासकले मिडिया, शिक्षा र भाषाको प्रयोग गरेर कमजोर समाजको चेतनालाई हेर्ने दृष्टिकोण परिवर्तन गरिदिन्छ त्यसलाई चेतनाको उपनिवेशीकरण भनिन्छ ।

जुन विज्ञान प्रविधिको अत्याधुनिक शताब्दीको मानव समाजमा लज्जा र व्यङ्ग्यको साझा परिचय बनिरहेको छ भने मन्द गतिमै सही जसरी नेपाली समाजको चेतना परिवर्तन हुँदैछ समयको गति सापेक्ष नभए तापनि यो सवालमा नेपाल अहिले परिवर्तनको बाटोमा छ भन्न सकिन्छ ।

तर कहिलेकाहीं त्यो प्रक्रिया पछाडितर्फ फर्काउने प्रयास पनि त्यत्तिकै रहन्छ । यो पुरानो सामन्तवादी चेतनाको विम्ब हो । जब समाजको चेतना परिवर्तन हुन्छ तब संस्कृतिमा पनि परिवर्तन आउँछ । पश्चिमीकरण वा विश्वव्यापीकरणले गर्दा नेपाली समाजको संस्कृतिमा आएको परिवर्तनले हाम्रो वर्तमान चेतना बाहिरका प्रभावहरूप्रति कति खुला वा कमजोर छ भन्ने कुरा देखाउँछ ।

मध्ययुगीन धार्मिक चेतना

मध्ययुगसम्म आइपुग्दा धर्मले चेतनालाई ठूलो हदसम्म नियन्त्रण गऱ्यो। ईश्वरीय अधिकारको सिद्धान्तले राजालाई भगवानले पठाएको प्रतिनिधि मान्ने चेतनालाई स्थापित गऱ्यो । यसले नागरिकलाई शासकको विरोध गर्नु भनेको ईश्वरको विरोध गर्नु हो भन्ने मनोभावमा बाँध्यो । तर यही बन्धनभित्र पनि लुकेको चेतनाले प्रतिरोधको बाटो खोल्यो। जस्तै, म्याग्ना कार्टा (१२१५) बेलायतमा भएको यो घटना मध्ययुगमा राजाको असीमित शक्तिमाथि नागरिकहरूको चेतनाले लगाएको अंकुश थियो । यसले राजा पनि कानूनभन्दा माथि छैन भन्ने सीमित शासनको चेतनालाई प्रारम्भिक रूपमा स्थापित गऱ्यो ।

वांकी ५ पेजमा...

# मोरंगको धनपालथान गाउँपालिका वडा नं. १ मा रहेका मन्दिरहरुको परिचय

गत अंकको बाँकी अंश

**३. राजा जीतवाहन मन्दिर दुर्गापुर**

यो मन्दिर धनपालथान गाउँपालिका वडा नं. १ दुर्गापुरमा सडकको पश्चिम तिर रहेको छ। करिब २५ वर्ष पहिले गाउँ टोलका



मनिसहरु मिलेर बाँस, कर्चीं र माटोको घर बनाई पूजापाठ सुरु गरेका थिए। त्यही मन्दिर अहिले राजा जीतवाहन मन्दिरका रूपमा चिनिएको छ। स्थानीय ५१ वर्षिय शंकर प्रसाद मण्डल (केवरत)ले बताए अनुसार सोही ठाउँमा रहेको करिब ५ धुर ऐलानी जग्गामा गाउँबासीको सहयोग र गाउँपालिका र वडा कार्यालयको सहयोगमा अहिले पक्की मन्दिर बनाई मन्दिर भित्र राजा जितवाहनको मूर्ति समेत स्थापना गरी पूजापाठ भइरहेको छ।

मधेशी समुदायका सबै जात-जातिका विवाहित महिलाहरुले पतिको दिर्घायू, छोरा-छोरी हुनेले सन्तानको स्वास्थ्यका लागि र सन्तान नहुनेहरुले सन्तान प्राप्तिको मनोकामना पूरा गर्नका लागि वर्षको एक पटक भदौ असोजमा मनाउने जितियापर्वको अवसरका निराहार उपवास बसी राजा जीतवाहनको घर र मन्दिरमा पुजा-पाठ गरिन्छ। सोही अवसरमा मेलासमेत लाग्ने गर्दछ। राजा जीतवाहनलाई फलफुल, केरा, लड्डु, पान, सुपारी लगायतको पूजा सामग्री लिएर पूजा गर्नेको भिड लाग्छ। मेला बाहेक हिन्दु पर्वहरुमा मन्दिरमा पूजा हुने गरेकोछ। दिनहुँ विहान बेलुका मन्दिरम गई बत्ती बाल्ने गरेको स्थानीय ७० वर्षिय फुलकुमारी साह (दास) ले बताइन्।

मन्दिरलाई अझ व्यवस्थित बनाउन गोपाल प्रसाद साह (सोनार) को अध्यक्षतामा राजा जितुवाहन मन्दिर अधुरो भवन निर्माण उपभोक्ता समिति बनाएर काम भइरहेको उपभोक्ता समितिका सचिवअमोज रजकले बताए।

जीतवाहनमन्दिरमा तेली, केवरत, धोवी, ठाकुर, सोनार, सुडी लगायतकाजातजातिले पूजागर्नुका साथै हिन्दु धर्म मान्ने सबै जातजातिले पूजापाठ गर्दछन्।

को हुन् राजा जीतवाहन ?

राजा जीतवाहन जसलाई जीमुतवाह पनि भनिन्छ, गन्धर्व राजकुमार थिए। उनी परोपकारी स्वभाव र त्यागका लागि प्रसिद्ध थिए। उनले आफ्नो राज्य छोडेर वनमा गएर पिता र साधुसन्तहरुको सेवा गर्न थाले। एक दिन उनले एक वृद्ध नाग महिलालाई विलाप गर्दै गरेको अवस्थामा देखे। नागको एकमात्र पुत्र शंखचुडलाई पंक्षीराज गरुडले खाने योजना बनाएका थिए।

जीमूतवाहनले शंखचुडको स्थानमा आफूलाई बलिदान दिने निर्णय गरे। गरुडको लागि निर्धाति शिलामा लेटए। गरुडले उनलाई उठाएर चोंचले प्रहार गरेपछि जीमूतवाहनको आँशु र करुण देखेर गरुड प्रभावित भए। उनलाई तत्काल मुक्त गरको कथा सुन्न पाइन्छ। जीमूतवाहनले गरुडसँग भविष्यमा नागहरुलाई नमार्नै प्रतिज्ञा गराएका थिए। जसले गर्दा नाग जातिको रक्षा भएको थियो।

यस कथाको आधारमा माताहरुले आफ्नो सन्तानको दीर्घायू र सुरक्षका लागि जीवित पुत्रिका वा जितिया व्रत राख्ने परम्परा छ। यस व्रतमा महिलाहरु उपवास बस्छन् र जीमूतवाहनको कथा सन्छन। यस कथाले सन्तानको कल्याण र दिर्घायूको कामना गरिन्छ।

**४. रामजानकी मन्दिर दुर्गापुर**

धनपालथान गाउँपालिका वडा नं. १ दुर्गापुरमा सडकको पश्चिममा दक्षिण मुख फर्केर रामजानकी मन्दिर रहेको छ। स्वर्गीय पति उदि चन्द साहको



स्मृतिमा पत्नी बोकियादेवी साहले १ कट्ठा ६ छुर जग्गा र नगद २ लाख ५१ हजार साथै राम, लक्ष्मण, सीता र हनुमानको मूर्ति प्रदान गरी २०६२ साल चैत २४ गते निर्माण स-सम्पन्न गरेको शिलालेखमा उल्लेख छ।

मन्दिरको पश्चिमबाट दुई कोठाको सामुदायिक भवन (धर्मशाला) निर्माण भएको छ। स्व. वौकियादेवी साहको एक मात्र छोरी थिइन्। छोरा नभएकेले जग्गा जमीनसमेत टन्नै भएकी उनलाई गाउँसमाजले एउटा मन्दिर बनाई दिन आग्रह गरेपछि उनले उक्त मन्दिर बनाइदिएकी हुन्, स्थानीय ७० वर्षिया कुलकुल देवी साह (सुडी) ले बताइन्।

उक्त मन्दिरलाई व्यवस्थित गर्न नरेश प्रसाद साहको अध्यक्षतामा समिति गठन भएको छ। जसमा सचिव दिलीप कुमार साह, कोषाध्यक्ष पशुपति साह र सदस्यहरुमा रीतादेवी साह, सञ्जु साह, पुनम कुमारी साह, सुरेन्द्र सुतिहार, पञ्चलाल साह, चतुरानन्द मोची रहेका छन्।

को हुन् रामजानकी ?

भगवान राम र जानकी (सीता) हिन्दू धर्मका महत्वपूर्ण देवताहरु हुन्। जसको कथा रामायण महाकान्यमा वर्णित छ। उनीहरुको जीवन आदर्श निष्ठा, कर्तव्य, प्रेम, त्याग र धर्मको प्रतीक मानिन्छ।




राम विष्णुको सातौ अवतार मानिन्छ.। उनी अयोध्याका राजा दशरथ र रानी कौशल्याका जेठा पुत्र थिए। मर्यादा पुरुषेत्तम (आदर्श पुरुष) का रुपमा परिचित राम सत्य, धर्म र न्यायको प्रतिक हुन्। लङ्काका राजा रावणले सीतालाई हरण गरेपछि रामले वानरसेना सहित युद्ध गरी रावणको वध गरेका थिए।

जानकी राजाजनककी सुपुत्री थिइन्। उनलाई वैदेही वा मिथिला नन्दिनी पनि भनिन्छ। जनकले हलो जोत्दा उनी भूमिबाट उत्पन्न भएकी थिइन। त्यसैले उनलाइ भूमिपुत्री पनि भनिन्छ।

**५. दुर्गा मन्दिर नोचा**

धनपालथान गाउँपालिका वडा नं. १ नोचा चोकमा उत्तर र पश्चिममा सडक भएको कुनामा उत्तर मुख फर्केको दुर्गा मन्दिर रहेको छ। उक्त मन्दिर स्थापना विक्रम सम्वत् १९३३ कार्तिक ७ गते पुजारी तथा मूर्तीदाता स्व. रूपलाल चौधरी रहेको त्यहाँ राखिएको फ्लेक्स व्यानरमा उल्लेख छ।

लक्ष्मण चौधरी (वर्णवाल साह) भन्ने व्यक्तिलाई कुनै मुद्दा लागेर जेल परेका थिए। ती मुद्दाबाट सफलता पाएमा दुर्गा माताको स्थापना गर्ने कबोल (स्थानीय भाषामा कबुला) गरेका थिए। सोहीअनुसार मुद्दामा सफलता पाए। त्यसपछि ५ कट्ठा क्षेत्रफल भएको जग्गामा दुर्गा मन्दिर स्थापना गरेको उनका पनातीवर्ष ४६ को शम्भु चौधरी (वर्णवाल साह) ले बताए।

चौधरीका अनुसार लक्ष्मण चौधरीको दुई छोरा जागेश्वर र मकाली चौधरी थिए। जागेश्वरको छोरा रूपलाल र सुटरु चौधरी थिए। रूपलालको चारवटा छोराहरु राधेलाल, रामचन्दर, शम्भु र नथु चौधरी हुन् भने सुटरुको छोरा विनोद चौधरी हुन्। रूपलाल चौधरीको काइलो छोरा शम्भु चौधरीले मन्दिरमा दैनिक रूपमा पूजापाठ गर्दछन्।

मन्दिरमा दुर्गा, बाघ, महिसासुर, काली, शिव, पार्वती, हनुमान, गणेश, लक्ष्मी, सरस्वती, राम, लक्ष्मण कार्तिकेय लगायतको मूर्ति रहेकोछ।

दशैको वेला मन्दिरमा भव्यरूपमा पुजापाठ हुने गर्दछ, मेला पनि लाग्ने गर्दछ। दशैंमा एक थान बोका बलि दिइन्छ। साथै, दर्जनौ बली मनकामना पुरा भएका व्यक्तिहरुले चढाउने गरेका छन्। त्यसबाहेक फलफूल, चामल, नरिवल, लड्ड, धुप, दीप लगायतका पूजा सामग्रीले पण्डितले पूजागर्दछन्। अन्य दिन पनि विहान-बेलुका पूजापाठ गरिन्छ।

सुरुमा बाँस, कर्चीं, पराल र माटोले बनेको मन्दिरमा अहिले ईंटाको घेराबेरा लगाएको छ, टिनको छाना र गृलको गेट लागेको छ। करिब ५ धुर जग्गामा ईटाको पर्खालले घेराबेरा लागेको छ।

दुर्गा मन्दिरमा भक्तजनको ईच्छापूरा हुने विश्वासका साथ अन्य दिन पनि भक्तहरु आएर मिठाई, फलफूलधूप, बति लगायतको समाग्रीले पूजा गर्नुका साथै बलि समेत दिने चलन रहेको ५५ वर्षिय विनोदकुमार वर्णवालले वताए।

# अबैध गांजा खेती फडानी गरी नष्ट



विराटनगर। धनकुटा र भोजपुर जिल्लाका बिभिन्न स्थानहरुमा अवैधरुपमा लगाएको र प्राकृतिक रुपमा आफै उम्रिएका गाँजाको बोटहरु प्रहरीले फडानी गरी नष्टको छ।

कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरको सुरक्षा सुनिश्चितता अभियान अन्तरगत अबैध रुपमा लगाएका तथा प्रकृतिक रुपमा आफै उम्रिएका गाँजाका बोटहरु नष्ट गर्न इलाका प्रहरी कार्यालय छिन्ताङबाट कार्तिक २३ गते परिचालन भएको थियो।

परिचालन भएको प्रहरी टोलीले शहिदभूमी गाँउपालिका-५ स्थित ५ रोपनी क्षेत्रफलमा रहेका कारिव १० हजार बोट र इलाका प्रहरी कार्यालय राजारानीले चौबिसे गाउँपालि- का-५ डाँडाखर्क स्थित ३ रोपनी क्षेत्रफलमा रहेको करिव ४ सय गाँजाको बोट फडानी गरी नष्ट गरेको छ।

त्यसैगरी भोजपुरको इलाका प्रहरी कार्यालय घोडेटार, प्रहरी चौकी हसनपुर र अस्थायी प्रहरी चौकी दुम्मानाबाट खटिएको प्रहरी टोलीले हतुवागढी र आम्चोक गाउँपालिकाको बिभिन्न वडा एरियाका १० रोपनी जग्गामा रहेको करिव १ हजार ५० वटा गाँजाको बोट फडानी गरी जलाई नष्ट गरेको छ।

# प्रतिबन्धित लागु औषध सहित चार पक्राउ

विराटनगर। झापा, उदयपुर र सुनसरीको बिभिन्न स्थानहरु बाट कार्तीक २८ गते शुक्रवार प्रतिबन्धित लागूऔषध सहित जनालाई पक्राउ गरीएको छ।

झापाको वडा प्रहरी कार्यालय भद्रपुरले देबराज श्रेष्ठलाई २ ग्राम ६० मिलिग्राम, राम कुमार मौलीलाई ३ ग्राम २० मिलिग्राम, सुफर मडीलाई ५ सय २० मिलिग्राम र अनुप महतोलाई ९ ग्राम ब्राउन सुगर सहित नियन्त्रणमा लिएको थियो।

त्यसैगरी अस्थायी प्रहरी पोष्ट कोठु उदयपुरले प्रकाश नेपाली लाई ६०० ग्राम गाँजा सहित नियन्त्रणमा लिएको हो भने इलाका प्रहरी कार्यालय धरानले सनम तामाङलाई ३ ग्राम ३३० मिलिग्राम ब्राउन सुगर सहित र जिल्ला ट्राफिक प्रहरी कार्यालय सुनसरी सहित इलाका प्रहरी कार्यालय धरानले बराक्षेत्र-४ का सुनिल गिरीलाई लागूऔषध ट्रामाडोल ८२ क्याप्सुल र स्पास्पेन १९९० ट्याब्लेट सहित नियन्त्रणमा लिएको थियो।

साथै सामुदायिक प्रहरी बिट हवाइ चौकले लागू औषधको कारोबार भई रहेको सूचनाको आधारमा ट्रामाडोल ६० क्याप्सुल र डिकोलिक १० ट्याब्लेट सहित यनि लिम्बु, रिवाज राई र सुजन राईलाई नियन्त्रणमा लिएको हो। पक्राउ परेका उनिहरुको थप अनुसन्धान भई रहेको छ।

**कर तिरौं, राजश्व बढाऔं**

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो। त्यसैले कर तिरौं देशको राजश्व बढाऔं।

स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस्।

लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर

कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं।

सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर।

**अन्तरिक राजश्व कार्यालय विराटनगर**

# लोकतन्त्रको रक्षक काँग्रेस अब आफ्नै लोकतन्त्रको खोजीमा

**रमेश कुमार बोहोरा**



रमेश कुमार बोहोरा

नेपालको राजनीतिक इतिहासमा नेपाली कांग्रेस केवल एक दल होइन लोकतन्त्रको पर्यायको रूपमा चिनिन्छ। यही पार्टीले मुलुकमा बहुदल, अभिव्यक्ति स्वतन्त्रता र संवैधानिक शासन प्रणालीको बीज रोपेको थियो। तर आज यही कांग्रेस आफ्नै विचार र अस्तित्वको दोभानमा उभिएको छ। संस्थापकहरूले कल्पना गरेको 'उदार लोकतान्त्रिक कांग्रेस' र आजको सत्ता केन्द्रित कांग्रेसबीच को दूरी यति बढिसकेको छ कि पुराना नेताहरू समेत भन्न थालेका छन् "अब कांग्रेस विचार होइन, अस्तित्वको लडाइँ लड्दैछ।" यो कथन कुनै भावनात्मक विस्फोट होइन पार्टीभित्रको वास्तविकता हो।

सदस्य नविकरणदेखि महाधिवेशन तयारीसम्मका सबै गतिविधिले पार्टीभित्र गहिरो असन्तुलन र असन्तोष उजागर गरिदिएका छन्। संगठनका आधारभूत तहहरू कमजोर बनेका छन् र विचारभन्दा सञ्जाल, योग्यता भन्दा हैसियतले मूल्यांकन हुने अवस्था बनेको छ। धेरै जिल्लामा सदस्यता वितरण 'राजनीतिक ठेक्का प्रणाली' जस्तो देखिन थालेको छ। यही कारण पार्टीको मुल मर्म नै अब वैचारिक आन्दोलन होइनसत्ताको समीकरण मा सीमित भएको छ। यस्तो निराश अवस्थाबीच पार्टीभित्र उदाएको 'एक आन्दोलन' भने नयाँ आशाको संकेत हो। यो केवल नेताविरुद्धको असन्तोष होइन संस्थागत पुनर्जागरणको आह्वान हो। युवातहले देउवा युगको अन्त्य र वैचारिक पुनःस्थापना माग गरेका छन्। उनीहरूको आवाज स्पष्ट छ "हामी व्यक्ति होइन, विचारका लागि कांग्रेसमा छौं।" यही चेतनाले पुरानो संरचना हल्लाउन थालेको छ।

तर पार्टीको शीर्ष तहमा त्यही पुरानो नेतृत्व अझै अडिएको छ। सभापति शेरबहादुर देउवाको दीर्घ नेतृत्वले कांग्रेसलाई केही हदसम्म स्थायित्व त दिएको छ तर अब त्यसले ऊर्जा गुमाइसकेको आभास पार्टीभित्र र बाहिर दुबै ठाउँमा छ। उनको कार्यशैली सत्ता र सञ्जालमा केन्द्रित रहँदा संगठन र विचारको पुनर्निर्माण उपेक्षित रह्यो। परिणामस्वरूप, पार्टीभित्र अहिले उत्तराधिकारीबारे खुला बहस सुरु भएको छ।

देउवा समर्थकहरूले उनलाई 'अनुभव र एकताको प्रतीक'को रूपमा चित्रण गर्छन् तर युवातहले उनलाई परिवर्तनको अवरोधका रूपमा हेर्छन्। गगन थापा, विश्वप्रकाश शर्मा र धनराज गुरुङ जस्ता युवानायकहरू निरन्तर नेतृत्व हस्तान्तरणको माग गर्दै आएका छन्। तर उनीहरूको स्वर अझै एकीकृत आन्दोलनमा परिणत हुन सकेको छैन। यही कारण परिवर्तनको लहर आधा बाटोमै अड्किएको छ।

यसबीचमा पार्टीभित्र अर्को बहस चर्किएको छ। विशेष महाधिवेशन गर्ने कि नियमित महाधिवेशन पर्खने। गगन विश्वप्रकाश समूहको तर्क छ "अहिले पार्टीले नेतृत्व हस्तान्तरण र संगठन पुनर्संरचनाको तत्काल निर्णय लिनुपर्छ। नियमित प्रक्रियाले समस्याको समाधान गर्दैन।" तर कार्यवाहक सभापति पूर्णबहादुर खड्काको दृष्टिकोण फरक छ। उनका अनुसार "पार्टीलाई अहिले स्थायित्व चाहिएको छ हतारको निर्णयले संकट झन् गहिरिन्छ।" देउवा समूह पनि यही धारणामा अडिग छ। तर युवातहको धैर्य अब अन्तिम चरणमा पुगेको छ। उनीहरूको भनाइ छ "देउवा युगले अब कुनै नयाँ बाटो देखाउने छैन कांग्रेसले नयाँ नक्सा बनाउन चाहन्छ भने त्यो नक्सा नयाँ पुस्ताले कोर्नुपर्नेछ।"

महामन्त्रीहरूका असन्तुष्टि अब केवल मतभेद होइन नीतिगत द्वन्द्वका रूपमा देखा पर्न थालेका छन्। गगन थापा र विश्वप्रकाश शर्माले पार्टीको निर्णय प्रक्रिया पारदर्शी नभएको खुलेर आलोचना गरेका छन्। केन्द्रीय बैठकहरू औपचारिकतामा सीमित छन् नीतिगत बहस हराएको छ। निर्णयहरू केही व्यक्तिहरूको सहमति निर्देशनमा सीमित छन्। यही कारण पार्टीभित्र 'निर्देशनको लोकतन्त्र' चलेको आरोप लाग्न थालेको छ। गगन थापाको भनाइ यस संकटको सार झल्काउँछ "लोकतन्त्रको मर्म बुझाउने पार्टी आफ्नै भित्रको लोकतन्त्रमा पराजित छ।"

त्यहीबीच कार्यवाहक सभापति पूर्णबहादुर खड्का अत्यन्त कठिन भूमिकामा छन्। एकातिर देउवा समूहको निरन्तरता चाहना अर्कोतिर युवातहको परिवर्तनको दबाब यी दुईबीच सन्तुलन कायम राख्न उनी संघर्षरत छन्। उनी आफैं पनि सभापतिको सम्भावनाबारे सोचिरहेका छन् तर यही द्विविधाले उनको भूमिकालाई असमञ्जस बनाएको छ। यस राजनीतिक अराजकतालाई तोड्ने एउटा प्रयासको रूपमा पार्टी भित्र आन्दोलन उदाएको छ। यसको मर्म केवल नेताविरोध होइन नयाँ राजनीतिक संस्कृतिको माग हो। यसले तीन स्पष्ट सन्देश दिएको छ। पार्टीले विचारमा फर्कनुपर्छ, निर्णय प्रक्रिया पारदर्शी हुनुपर्छ र नेतृत्व हस्तान्तरण व्यवहारिक हुनुपर्छ।

युवाहरूले कांग्रेसको पुरानो 'उदार समाजवाद'लाई आधुनिक व्याख्यामा पुनः परिभाषित गर्न खोजिरहेका छन्। उनीहरूको दृष्टिकोणमा आर्थिक उदारीकरण सँगै सामाजिक न्याय, समावेशी शासन र अवसरको समान वितरण हुनुपर्छ। यही वैचारिक पुनरुत्थान कांग्रेसको नयाँ पहिचान बन्न सक्ने सम्भावना देखिएको छ। तर संगठनात्मक दृष्टिले कांग्रेसको सामाजिक आधार कमजोर बन्दै गएको छ। परम्परागत मतदाता वर्ग, शिक्षक, व्यापारी, साना व्यवसायी र मध्यम वर्ग पार्टीबाट टाढा जाँदैछन्। पछिल्ला स्थानीय चुनाव परिणामहरूले यसलाई प्रमाणित गरेका छन्। आफ्नै गढ ठानिएका क्षेत्रमा समेत पराजय भोग्नु संगठनात्मक क्षय मात्र होइन जनविश्वास गुमाउनु पनि हो।

महिला, दलित जनजातिको प्रतिनिधित्व अझै प्रतीकात्मक सीमामा छ। संविधानले आरक्षणको व्यवस्था गरे पनि निर्णय तहमा उनीहरूको आवाज सुनिँदैन। कांग्रेसको सामाजिक सन्तुलन बिग्रँदै जानु यसको वैचारिक असन्तुलनको पनि द्योतक हो। कांग्रेसको वास्तविक संकट नेतृत्व होइन विचारको हो। नेताहरू विचारभन्दा पदमा संगठनभन्दा सञ्जालमा केन्द्रित भएका छन्। यही कारण पार्टीको मुल मर्म मर्न थालेको छ। पार्टीका बौद्धिक वृत्तहरू चेतावनी दिन्छन् "अब कांग्रेसले शक्ति होइन, दृष्टिकोणमा प्रतिस्पर्धा गर्नुपर्छ।" तर त्यो दृष्टिकोण खोज्ने प्रयास दुर्लभ बनेको छ।

आज नेपाली कांग्रेस एक निर्णायक मोडमा उभिएको छ। लोकतन्त्रको जग बसाल्ने यही पार्टीले अहिले आफ्नै लोकतान्त्रिक मर्मसँग सम्झौता गर्न थालेको छ। देउवाको दीर्घ नेतृत्वले स्थायित्व त दिएको छ तर पुनर्जागरणको ढोका बन्द गरेको छ। यदि कांग्रेसले अहिले आत्मसमीक्षा र नवसंरचनाको बाटो रोजेन भने इतिहासले यसलाई केवल अतीतको कथा बनाइदिनेछ। लोकतन्त्रको रक्षा गर्ने पार्टीले आफ्नै भित्रको लोकतन्त्र पुनःस्थापना गर्न सकेन भने त्यसले केवल आफ्नो अस्तित्व होइन देशको लोकतान्त्रिक मूल्यको पनि पराजय देख्नेछ। समयले कांग्रेसलाई पुनर्जन्मको अवसर दिएको छ। त्यो पुनर्जन्म व्यक्तिमा होइन विचारमा हुनुपर्छ। यदि कांग्रेसले विचारको बाटो समातेन भने उसले सत्तासँगै आफ्नो इतिहास पनि गुमाउनेछ।

तुलसी प्याथोलोजी ल्याब एण्ड क्लिनिक
कोशी अस्पताल को अगाडी, विराटनगर
बिरामीहरूको लागि खुशीको खबर !!
ल्याब जाचमा ५०% सम्मको छुट
सम्पर्क नं. ९८४१३४८६४७ ९८१३२५४४७५
1. HBA1C
2. Lipid Profile
3. Liver Function Test (LFT)
4. Renal Function Test (RFT)
5. Thyroid Test (TFT)
6. Stool R/E
7. Urine R/E
8. Vit. D
9. Cardiac Function Test (CFT) etc...
नि:शुल्क सुगर जाँच
यो सेवा प्रत्येक शनिवारको लागि मात्र रहनेछ ।
समय: विहान ७:०० बजेदेखि दिउँसो १२:०० बजेसम्म ।

# नींबु के पौधे में फल नहीं लगते तो ठीक कैसें करे

अगर आपके नींबू के पौधे पर केवल पत्तियाँ आ रही है लेकिन फल नहीं आ रहे हैं, तो यह चिंता की बात जरूर है। पर इसका समाधान बिल्कुल संभव है। नींबू एक ऐसा पौधा है जिसे थोड़ी सही देखभाल, धैर्य और नियमित पोषण देने पर यह सालों-साल फलों से लदा रहता है।

आइए जानते हैं विस्तार से कि नींबू के पौधे में फल क्यों नहीं लगते और इसे कैसे ठीक करें।

१. पर्याप्त धूप का अभाव :-
नींबू का पौधा धूप पसंद पौधा है। यदि इसे पर्याप्त धूप नहीं मिलती, तो इसमें फूल और फल आने की प्रक्रिया रुक जाती है।
- समाधान :- पौधे को ऐसी जगह रखें या लगाएँ जहाँ प्रतिदिन ६ से ८ घंटे सीधी धूप मिले। अगर पौधा छांव या आधी धूप वाली जगह पर है, तो उसे धूप वाले स्थान पर स्थानांतरित करें।

२. गमले का आकार और मिट्टी की गुणवत्ता :--
अगर नींबू का पौधा गमले में लगाया गया है, तो उसका गमला बहुत छोटा होने पर जड़ों का विकास सीमित हो जाता है। ऐसे पौधे ऊपर से हरे तो दिखते हैं, लेकिन फूल और फल नहीं देते।
- समाधान :- गमला कम से कम १४ से १८ इंच गहरा और चौड़ा होना चाहिए। मिट्टी न तो बहुत भारी हो और न ही पानी रोकने वाली। एक संतुलित मिट्टी मिश्रण तैयार करने के लिए २ भाग बगीचे की मिट्टी + १ भाग गोबर खाद या वर्मीकम्पोस्ट + १ भाग रेत + थोड़ा नीम खली पाउडर लें। यह मिश्रण पौधे की जड़ों को सांस लेने में मदद करता है और मिट्टी को पोषक तत्वों से भरपूर बनाता है।

३. पौधे में फूल नहीं आना या सिर्फ पत्तियाँ आना :--
कई बार पौधा तेजी से बढ़ता है, लेकिन उस पर फूल नहीं आते। यह इस बात का संकेत है कि पौधे को नाइट्रोजन तो पर्याप्त मात्रा में मिल रही है, लेकिन फास्फोरस और पोटाश की कमी है। जो फूल और फल बनने के लिए ज़रूरी हैं।
- समाधान :- महीने में एक बार मिट्टी में १ चम्मच सिंगल सुपर फॉस्फेट (क्क्ए) और १ चम्मच म्यूरेट ऑफ पोटाश ( :इए) डालें, इसके साथ गोबर की खाद या वर्मीकम्पोस्ट मिलाना और भी बेहतर रहेगा।

४. फूल आकर झड़ जाना या फल नहीं बनना :-
अगर पौधे में फूल आते हैं लेकिन जल्दी झड़ जाते हैं या फल नहीं बनते, तो इसका कारण परागण की कमी और सूक्ष्म पोषक तत्वों की कमी हो सकता है।
- समाधान :- जिंक (Zinc) और बोरॉन (द्ययचयल) जैसे माइक्रोन्यूट्रिएंट्स का स्प्रे करें। ( १० लीटर पानी में १० ग्राम जिंक सल्फेट और ५ ग्राम बोरिक एसिड मिलाकर छिड़काव करें।) इससे फूल झड़ने की समस्या कम होती है और फल बनने की प्रक्रिया शुरू होती है। अगर पौधा छत या बालकनी में है, तो पास में तुलसी, गेंदा या सूरजमुखी लगाएँ-ताकि मधुमक्खियाँ और तितलियाँ आकर्षित हों और परागण प्राकृतिक रूप से हो सके।

५. पौधे की नियमित छंटाई आवश्यक :- नींबू का पौधा समय के साथ बहुत घना हो जाता है। जब शाखाएँ एक-दूसरे में उलझ जाती हैं, तो धूप और हवा का प्रवाह रुक जाता है, जिससे नई कोंपलें और फूल नहीं निकल पाते।
- समाधान :- हर ३ से ४ महीने में पौधे की हल्की छंटाई ( एचगलप्ष्लन) करें। सूखी, रोगग्रस्त और अंदर की ओर बढ़ती शाखाओं को काट दें। इससे पौधे में नई कलियाँ निकलेंगी और फूलों की संख्या बढ़ेगी।

६. जैविक खाद का उपयोग करें : नींबू का पौधा जैविक खाद से सबसे अच्छी तरह बढ़ता है। विशेष रूप से नीम खली (ल्भझ ऋबपभ एयधमभच) मिट्टी को पोषक बनाती है और साथ ही कीटों को भी दूर रखती है।
- समाधान :- हर ४५ दिन में मिट्टी में एक मुट्ठी नीम खली पाउडर डालें। महीने में एक बार बोनमील, कम्पोस्ट और वर्मीकम्पोस्ट डालें। ध्यान रखें, खाद की अधिक मात्रा से केवल पत्तियाँ बढ़ती हैं, फल नहीं आते।

- पानी देने का सही तरीका
नींबू का पौधा नमी पसंद करता है, लेकिन जलभराव को बिल्कुल सहन नहीं करता। ज्यादा गीली मिट्टी से जड़ें सड़ने लगती हैं और पौधा कमजोर हो जाता है।
- समाधान :- गर्मियों में हर २-३ दिन में पानी दें। पानी देने से पहले मिट्टी में उंगली डालकर जांचें-अगर मिट्टी सूखी है तभी पानी दें। सर्दियों में पानी की आवश्यकता और भी कम हो जाती है।

- खाद डालने का सही समय ( साल में ३ बार) :-
फरवरी-मार्च, नए फूल आने से पहले
- जून-जुलाई, बारिश शुरू होने से पहले
- अक्टूबर-नवंबर, सर्दियों के पहले

नींबू का पौधा तभी फल देता है जब उसे पर्याप्त धूप, सही मिट्टी, नियमित पोषण और उचित छंटाई मिलती है। थोड़ा धैर्य रखें, जैविक तरीके से देखभाल करें – कुछ ही महीनों में आपका नींबू का पौधा हरे-भरे पत्तों के साथ ढेर सारे फलों से लद जाएगा। अगर जानकारी उपयोगी लगी तो पोस्ट को लाइक करें और पेज को फॉलो करें,

## नेपाली...

ज्ञानोदय र क्रान्तिको चेतनाले सत्रौं र अठारौं शताब्दीमा जोन लक, रुसो र भोल्टेयर जस्ता विचारकहरूले मानवलाई जन्मसिद्ध अधिकार र तर्कसंगत सोचको चेतना प्रदान गरे ।

यस चेतनाले मध्ययुगको धार्मिक नियन्त्रणलाई तोड्यो र मानिसलाई आफ्नै भाग्यको निर्णायक बन्ने प्रेरणा दियो। यही जागरणको चेतनाले अमेरिकी क्रान्ति (१७७६) र फ्रान्सेली क्रान्ति (१७८९) जस्ता विश्व परिवर्तनकारी घटनाहरूलाई जन्म दियो । जसले राजतन्त्रलाई पल्टाएर स्वतन्त्रता, समानता र भ्रातृत्वको नयाँ राजनैतिक चेतना स्थापना गर्ने आन्दोलनमा निर्णायक भूमिका थियो ।

औद्योगिक क्रान्तिपछि युरोपमा शक्ति सञ्चय गर्ने साम्राज्यवादी चेतनाले नयाँ राजनैतिक गति लियो। यो चेतना 'आफ्नो राष्ट्रको हित सर्वोच्च हो' र 'कमजोर राष्ट्रलाई नियन्त्रण गर्नु आफ्नो अधिकार हो' भन्ने भ्रममा आधारित थियो । उपनिवेशवाद र नियन्त्रणको चेतनाले युरोपेली शक्तिहरूले एसिया, अफ्रिका र ल्याटिन अमेरिकालाई आफ्नो स्रोतको भण्डार र बजारका रूपमा हेरे । यो चेतनाले लाखौं मानिसलाई जातीय विभेद, आर्थिक शोषण र राजनीतिक दासताको शिकार बनायो ।

### साम्राज्यवादी चेतना विरुद्ध प्रतिरोधी झिल्का

रूसी क्रान्ति (१९१७)ले रूसमा जारशाहीको निरङ्कुश शासन र चरम गरिबी विरुद्ध मार्क्सवादी चेतनाको उदय भयो । लेनिन र बोल्सेभिकहरूले 'श्रमजीवी वर्गको मुक्ति' र 'सम्पत्तिको सामूहिक स्वामित्व' को चेतना जागृत गराए। यस क्रान्तिले राजनैतिक शक्ति अब धनी वर्गबाट खोसेर सर्वहारा वर्गको हातमा पुऱ्याउन सकिन्छ भन्ने नयाँ राजनैतिक दर्शन स्थापित गऱ्यो । त्यस्तै चिनियाँ क्रान्ति (१९४९) र जातीय जागरणको चेतनाले चीनमा शताब्दियौंदेखिको कमजोर शासन र विदेशी शक्तिहरूको हस्तक्षेप विरुद्ध राष्ट्रवादी तथा कम्युनिस्ट चेतना जागृत भयो ।

माओ त्सेतुङले ग्रामीण किसानहरूमा क्रान्तिको चेतना फैलाएर विदेशी शक्ति र आन्तरिक सामन्तवादलाई परास्त गरे । यो आन्दोलनले गरिब र अशिक्षित जनता पनि राजनैतिक परिवर्तनका मुख्य शक्ति हुन् भन्ने चेतनालाई प्रमाणित गऱ्यो । श्रृङ्खलाबद्ध घटना परिघटनाहरूसँगै विश्वका विभिन्न स्थान र स्वरूपहरूमा स्वतन्त्रता आन्दोलन र प्रतिरोधी चेतनाको विजयी परिणामहरू देखिन शुरु भयो ।

बीसौं शताब्दीको मध्यतिर एशिया र अफ्रिकामा उपनिवेशवादी नियन्त्रण विरुद्ध व्यापक स्वतन्त्रताको चेतना जागृत भयो । महात्मा गान्धीको अहिंसात्मक चेतनाले भारतमा गान्धीले हिंसाको साटो सत्य, अहिंसा र सत्याग्रहको अनौठो चेतना प्रयोग गरे । उनले जनतालाई 'हामी शासकको सहयोग विना बाँच्न सक्छौं' भन्ने आत्मिक शक्तिको चेतना दिएर साम्राज्यवादी शक्तिलाई नैतिक रूपमा कमजोर बनाए ।

### नेपाली सन्दर्भमा चेतनाको भूमिका

मानव चेतनाको प्रारम्भिक झिल्काले नै समाज र राजनीतिक संरचनाको जग बसाल्यो। नेपालको सन्दर्भमा पनि राजनैतिक परिवर्तनहरू कुनै बाह्य कारकले भन्दा बढी आन्तरिक चेतनाको जागरणले सम्भव भएका छन् । राणा शासनदेखि गणतन्त्रसम्मको यात्रा चेतनाको यही द्वन्द्वात्मक प्रक्रियाको प्रमाण हो । राणाकालमा नियन्त्रणको चेतना सामन्ती पारिवारिक शासन हावी थियो । तर भारतमा स्वतन्त्रता आन्दोलनको प्रभाव र विश्वव्यापी लोकतान्त्रिक चेतनाले गर्दा शिक्षित युवाहरूमा स्वतन्त्रता र समानताको प्रतिरोधी चेतना जाग्यो ।

नेपालमा २००६ सालमा कम्युनिस्ट पार्टीको गठन हुनु सामूहिक समानता र जनताको हक स्थापित गर्ने चेतनाको एक सशक्त अभिव्यक्ति थियो । २००७ सालको क्रान्ति केवल हतियारले मात्र नभई 'राणा शासन टिकाउ छैन' भन्ने सामूहिक चेतनाको विजय थियो। तत्कालीन परिस्थिति अनुसार राजा, राजनीतिक दल र जनता बीचको मिलनले एक प्रकारको सहकार्यको अवस्था बन्यो। २०१७ सालको राजा महेन्द्रको 'कु'ले प्रथम निर्वाचित सरकारलाई अपदस्थ गर्नु शक्तिसञ्चयको पुरानो चेतनाको पुनरावृत्ति थियो। यसले लोकतान्त्रिक चेतनालाई अवरोध खडा गऱ्यो र जनताको शक्तिलाई गौण बनायो ।

२०२८ सालको झापा विद्रोह पञ्चायती व्यवस्थामा स्थापित वर्गीय असमानताको चेतना विरुद्ध गरिएको विद्रोह थियो । यसले नेपालमा राजनीतिक परिवर्तनको लागि हतियार उठाउन सकिन्छ भन्ने सशस्त्र क्रान्तिको चेतनालाई जन्म दियो । जुन असमानता विरुद्धको चेतना र जनआन्दोलनको सुरूवाती शृङ्खला थियो । त्यस्तै २०३६ सालको विद्यार्थी आन्दोलन र जनमत संग्रहले दमनको चेतनालाई तोड्दै युवा शक्तिले राजनीतिक परिवर्तन ल्याउन सक्छ भन्ने चेतनालाई स्थापित गऱ्यो । जनमत संग्रहमा पञ्चायतले जिते पनि यसले जनतालाई आफ्नो विचार मतदान मार्फत व्यक्त गर्न पाइन्छ भन्ने राजनीतिक सहभागिताको चेतनाको बीजारोपण गऱ्यो ।

२०४६ सालको जनआन्दोलन र २०४७ को संविधानले बहुदलीय लोकतन्त्र नै उत्तम राजनैतिक प्रणाली हो भन्ने सर्वव्यापी चेतनालाई नेपाली समाजमा स्थापित गऱ्यो। २०४७ को संविधानले जनतालाई कानूनी सर्वोच्चता र मानवअधिकारको चेतना दियो। तर उक्त संविधानले समानता, समावेशिता र आर्थिक न्यायको चेतनालाई पूर्ण रूपमा सम्बोधन गर्न सकेन । त्यही असन्तुष्टि र सीमान्तीकृत चेतनाको विस्फोट स्वरूप २०५२ सालमा सशस्त्र युद्ध शुरु भयो। नयाँ चेतना र द्वन्द्वको उत्कर्षबाट जन्मिएको त्यस सशस्त्र युद्धले समाजमा वर्गीय, जातीय र लैङ्गिक असमानतालाई निर्णायक रूपमा सम्बोधन गर्नुपर्छ भन्ने चेतनालाई राष्ट्रिय बहसको केन्द्रमा ल्यायो ।

त्यही दशवर्षे सशस्त्र युद्धलाई मुख्य आधार बनाएर युद्धरत पक्ष र तत्कालीन अन्य संसदीय राजनीतिक दलहरूको सामूंहिक आह्वानमा २०६२/६३ सालको जनआन्दोलन भयो । उक्त जनआन्दोलनले राजाको पूर्ण सक्रिय शासनको चेतनालाई सदाका लागि अन्त्य गऱ्यो । राजनीतिक दल र तत्कालीन विद्रोही बीचको सहमतिको चेतनाले देशलाई गणतन्त्रको बाटोमा डोऱ्यायो ।

गणतन्त्र, संघीयता, धर्म निरपेक्षता र समावेशी/समानुपातिक प्रणाली यी सबै परिवर्तन बहुआयामिक चेतनाका प्रतिविम्ब हुन् भने गणतन्त्र राजतन्त्रको समाप्ति र सार्वभौमसत्ता जनतामा निहित रहने चेतनाको प्रतिविम्ब हो । संघीयता केन्द्रीकृत शासनको अन्त्य र स्थानीय जनताको पहुँच र पहिचान, समावेशी/समानुपातिक प्रणाली बहिष्करणको चेतनालाई तोड्दै सबैको प्रतिनिधित्व सुनिश्चित गर्ने चेतनाको प्रतिविम्ब हो ।

२०७२ सालको गणतान्त्रिक संविधानले नेपालको राजनीतिक चेतनालाई संस्थागत गरेको मात्रै नभएर यसले युगौंदेखि स्थापित संरचनालाई समावेशी र लोकतान्त्रिक चेतनाको जगमा उभ्यायो । यो परिवर्तित नयाँ राजनैतिक चेतनाको संस्थागत करणको सचेत पहल हो । यसरी मानव सभ्यताको प्रारम्भिक चरणदेखि नै राजनैतिक घटना र समाज सञ्चालनमा चेतनाको भूमिका आधारभूत रहेको देखिन्छ । शासकले आफ्नो सत्तालाई स्थापित गर्न चेतनालाई धार्मिक वा दार्शनिक माध्यमबाट नियन्त्रण गर्ने प्रयास गरे पनि जब नागरिकमा अधिकार र न्यायको चेतना जाग्यो तब ठूला राजनैतिक आन्दोलनहरू भए र समाजको गति नै परिवर्तन भयो ।

यसर्थ इतिहास साक्षी छ कि, राजनीतिक संरचनाहरू बलले मात्र होइन बरु प्रबल चेतनाले खडा हुन्छन् र ढल्छन् । चाहे त्यो प्राचीन सभ्यताको नियम बनाउने चेतना होस् वा उपनिवेशवाद विरुद्ध लड्ने स्वतन्त्रताको चेतना। त्यही सामूहिक मानव चेतना नै समाजमा राजनीतिक परिवर्तन र आन्दोलनहरूको मूल आधार रहेको छ ।

### प्रतिविम्बित वर्तमान चेतना

नेपाली नागरिकहरू लोकतन्त्रबारे शाब्दिक रूपमा जानकार भए पनि यसको व्यापक अर्थबारे स्पष्ट सामूहिक चेतनाको अभाव देखिन्छ । यसलाई केवल आवधिक चुनाव र आफ्नो नेताको जितमा सीमित गरिएको छ । जसका कारण लोकतन्त्रको परिभाषामा नै अन्योल जस्तो देखिएको छ ।

वर्तमान चेतना सामूहिक कल्याण भन्दा व्यक्तिगत लाभमा केन्द्रित भएको छ। नेता तथा कर्मचारीहरूमा देखिएको आफ्नो पद र शक्तिलाई व्यक्तिगत सम्पत्ति बनाउने चेतनाले सुशासन र विकासको सामूहिक चेतनालाई कमजोर बनाएको छ । काम छिटो गराउनका लागि घुस दिन तयार हुन वा कानून मिच्न सामान्य मान्ने आम मानिसको चेतनाले भ्रष्टाचारलाई संस्थागत गरेको छ । सामाजिक हैसियतलाई पैसा वा भौतिक वस्तुले मात्र मापन गर्ने प्रवृत्तिले समाजमा प्रतिस्पर्धा, तनाव र अस्वस्थ दौडलाई बढाएको छ ।

आलोचनात्मक चेतनाको अभावले सत्य र असत्य छुट्याउन नसक्ने र स्थापित कुरालाई नै मान्नुपर्छ भन्ने चेतना सतहसम्म हावी छ । जसकारण नेताहरूको आलोचना गर्नुभन्दा पनि कुनै निश्चित पार्टी वा व्यक्तिको समर्थनमा आँखा चिम्लेर विश्वास गर्ने प्रवृत्तिले प्रश्न गर्ने र सशक्त नागरिक बन्ने चेतनालाई बन्ध्याकरण गर्छ । चाटुकारिता र भागबण्डाको स्वार्थले राजनीतिक नेतृत्वमा सत्ता नै साध्य हो भन्ने चेतना हावी भएको छ । जसका कारण सिद्धान्त, नैतिकता र जनसेवा गौण बनेर भागबण्डाको संस्कृति मौलाएको छ ।

सामाजिक सञ्जालले द्रुत सूचना प्रवाह गरे पनि पक्षधरताको चेतनालाई बढावा दिएको छ । नागरिकहरू तथ्यको आधारमा भन्दा पनि भावना र समूहगत रुझानका आधारमा विभाजित भएका छन्। सामाजिक सञ्जालमा आएका अफवाह वा सतही जानकारीलाई सजिलै विश्वास गर्ने लहडले गहिरो विश्लेषण गर्ने धैर्यको अभाव तथा सूचनाको सतहीकरणलाई पुष्टि गर्छ ।

नेपालमा पुराना मूल्यमान्यता जस्तैः सामूहिक परिवार, नैतिक मूल्यमान्यता, शिष्टाचार, धार्मिक सहिष्णुता र नयाँ पुस्ताको व्यक्तिवादी स्वतन्त्र चेतना बीचको द्वन्द्व स्पष्ट देखिन्छ । यो परम्परागत र आधुनिक चेतनाको सङ्घर्ष हो । लैङ्गिक चेतनाको विकाससँगै दशकौंदेखि स्थापित पितृसत्तात्मक चेतनालाई समानता र अधिकारको चेतनाले चुनौती दिएको छ ।

महिला र सीमान्तकृत समुदायको सचेतनाले गर्दा समाजमा ठूलो वैचारिक बहस शुरु भएको छ। यो नेपाली समाजको सामाजिक र सांस्कृतिक चेतना सङ्घर्षको एउटा चरण हो । जातीय विभेद, लैंगिक असमानता वा बोक्सी आरोप जस्ता कुरीतिहरूलाई चलिआएको चलन हो मान्नैपर्छ भन्ने पुरानो जड चेतनाले थामेर राखेको छ ।

### उपभोक्तावादी संस्कृति र पलायन को बाटो

सन् १९९० को दशकपछि नेपालमा भूमण्डलीकरण र उदारीकरणले ल्याएको मुख्य चेतना हो उपभोक्तावाद। छिटो धनी बन्ने वा देखावटी जीवनशैलीको चेतनाले गर्दा इमानदार श्रमको सट्टा अनियमित कमाइ र भ्रष्टाचारलाई प्रोत्साहन मिलेको छ । जसले आर्थिक असमानतालाई अत्यधिक प्रोत्साहन गरिरहेको छ ।

वैदेशिक रोजगारीको मोह केही हदसम्म देशभित्र अवसरको अभाव भन्दा पनि विदेशमा मात्र सुख छ भन्ने सामाजिक चेतनाका कारण युवाहरू पलायन हुन बाध्य छन् । देशमा भविष्य नदेखेर विदेश जानुलाई सफलताको एकमात्र मापदण्ड मान्ने बुझाइ मूल समस्याको रूपमा देखिएको छ । युवाहरूमा देश बन्दैन वा मैले यहाँ केही गर्न सक्दिनँ भन्ने सामूहिक निराशा फैलिएको छ ।

नेपाली समाजमा अहिले देखिने निराशा अस्थायी हो। जब सचेत नागरिकहरू जाग्छन् तब यो सामूहिक चेतना एक शक्तिशाली लहर बन्नेछ र समाज अर्थात् चेतनाको प्रतिविम्ब स्वतः उज्ज्वल बन्नेछ ।

उत्कृष्ट शिक्षा, श्रम र क्षमता भएका युवाहरू देश निर्माणको सक्रिय भूमिकाबाट विमुख भई विदेश पलायन हुनुले दक्ष जनशक्ति बर्बादीको सूचकाङ्क उच्च देखाउँछ । रेमिट्यान्समा निर्भर हुने अर्थतन्त्रको विकासले आफैं श्रम गर्ने भन्दा बाहिरबाट पैसा आउँछ भन्ने निष्क्रिय सोचलाई बढावा दिएको छ । जसले निर्भरताको संस्कृति नै बदलिएको छ ।

वैदेशिक रोजगारले भित्रिएको पूँजीलाई सरकारी तवरबाट लगानीको वातावरण नबन्दा बाध्यात्मक लगानीको केन्द्र घर जग्गा बनेको छ। जग्गाको खण्डीकरणले कृषिप्रधान देशको उत्पादनशील जमिनमा खेती गर्नुको सट्टा त्यसलाई घडेरी बनाएर तत्काल नाफा कमाउने चेतनाले कृषि क्षेत्र संकटमा परेको छ ।

### जेनजी आन्दोलन नयाँ चेतनाको झिल्का

२०७२ को संविधान घोषणापछिको १० वर्ष नेपालको राजनैतिक नेतृत्वमा शक्ति र पदलोलुपताको चेतना हावी भयो। स्थिर सरकारको अवसर पाए पनि नैतिकता, सुशासन र विकासको चेतना कमजोर बन्यो। यसले नागरिकहरूमा अब नेताहरूमाथि विश्वास गर्न सकिदैन भन्ने निराशा र आक्रोशको चेतना स्थापित गऱ्यो । त्यही अवस्था चरम बिन्दुमा पुगेर जेनजी आन्दोलनको रूपमा विस्फोट भयो। यो दलगत स्वार्थभन्दा माथि उठेर निष्पक्षता, नैतिकता र विधिको शासनलाई जोड दिने चेतना यसको मूल मर्म थियो ।

यो आन्दोलन परम्परागत राजनीतिक दल वा नेताको नेतृत्वमा भएको नभई स्वस्फूर्त नागरिक चेतनाबाट भएको हो । यसले स्थापित राजनीतिक शक्तिहरूलाई अब युवाहरू चुप लागेर बस्दैनन् भन्ने नयाँ चेतना दिएको छ । साथै नेताहरूलाई अमूर्त नारामा होइन व्यक्तिगत भ्रष्टाचार र पेशागत अयोग्यताको लागि जिम्मेवार ठहऱ्याउने जवाफदेहिता, सूचनाप्रविधि र सामाजिक सञ्जालको शक्ति प्रयोग गरेर पनि आन्दोलन गर्न सकिन्छ भन्ने डिजिटल सक्रियताको चेतना स्थापित गर्ने जस्ता नयाँ मान्यताहरू स्थापित गरेका छन् ।

### सचेत नागरिकको भूमिका

सचेत नागरिकको परिभाषा त्यो हो जसले समाजको समस्यालाई अरूको मात्र होइन मेरो पनि हो भनेर स्वीकार गर्छ। व्यक्तिको आन्तरिक परिवर्तनले समाज परिवर्तन गर्नुअघि म कति इमानदार वा कति जिम्मेवार छु भनेर आफ्नो लेखाजोखा गर्ने गर्दछ । व्यक्तिगत तहमा घुस नलिने नदिने सार्वजनिक सम्पत्तिको सम्मान गर्ने जस्ता सानो सकारात्मक व्यवहारले सामूहिक चेतनालाई जगाउन थाल्छ ।

समाधानको पहिलो खुड्किलो भनेको अधिकारको चेतना भन्दा पनि कर्तव्य र जवाफदेहिताको चेतनालाई प्राथमिकता दिनु हो । हरेक नागरिकले सरकार र नेतृत्वलाई नैतिक प्रश्न सोध्ने बानी बसाल्नुपर्छ । नेपालमा राजनैतिक प्रणाली परिवर्तन भए पनि शासन गर्ने र सेवा दिने पुरानो मनोवृत्ति नबदलिंदा समस्या आएको भन्ने कुरा नकार्न कसैले पनि सक्दैन। चुनावमा नेताको अनुहार वा भाषणमा भन्दा पनि उसको सिद्धान्त, नैतिकता र कार्ययोजनामा आधारित रहेर मतदान गर्ने विवेकशील चेतनाको विकास अपरिहार्य छ ।

नागरिकले आफूलाई परिवर्तन गरेर पार्टीको झण्डा भन्दा देशको भविष्यलाई प्राथमिकता दिने सचेत चेतना विकास गर्नुपर्छ । 'म' बाट 'हामी' तर्फको यात्रा अर्थात् व्यक्तिवादी स्वार्थमाथि सामूहिक सामाजिक हितको चेतनालाई स्थापित गर्नुपर्छ । सार्वजनिक सम्पत्ति, सार्वजनिक सेवा र सार्वजनिक हितको महत्त्व बुझाउने शिक्षाको आवश्यकता छ । संरचनागत सुधारका लागि भ्रष्टाचार विरोधी चेतनाको संस्थागतकरण गर्दै भ्रष्टाचारलाई केवल कानूनी अपराध नभई सामाजिक अपराध हो भन्ने चेतना हरेक तहमा स्थापित गर्नुपर्छ । यसका लागि विद्यालयको पाठ्यक्रमदेखि सार्वजनिक अभियानसम्म आवश्यक छ ।

पारदर्शिता र सूचनाको हकमा राज्य सञ्चालनमा गोपनीयता भन्दा पनि पारदर्शिता नै सुशासनको आधार हो भन्ने चेतनालाई मजबुत बनाउनुपर्छ । मिडियाको निष्पक्षतालाई कायम राखेर मिडियाले सनसनीपूर्ण समाचारभन्दा तथ्यात्मक सत्यलाई प्रस्तुत गर्ने नैतिक चेतना कायम राख्नुपर्छ । जसले गर्दा नागरिक भ्रमित नहोस् । प्रकृति र मानवको अन्योन्याश्रित सम्बन्ध र पर्यावरण चेतनालाई राजनैतिक प्राथमिकताको विषय बनाउनुपर्छ ।

### जागरणको उद्घोष र अबको यात्रा

इतिहासले प्रमाणित गरिसकेको छ कि बाह्य कारणले ल्याएको परिवर्तनभन्दा आन्तरिक चेतनाबाट आएको परिवर्तन मात्र स्थायी हुन्छ । चेतना कुनै एक पटकमा प्राप्त हुने वस्तु होइन । यो समाजको विकाससँगै परिवर्तन भइरहने गतिशील प्रक्रिया हो । त्यसैले नागरिकहरूले सधैं आफ्नो चेतनालाई प्रश्न र परिष्कृत गर्ने प्रक्रिया निरन्तर जागरणको रूपमा जारी राख्नुपर्छ ।

अबको क्रान्ति सामरिक शक्ति प्रयोगको राजनीतिले भन्दा पनि प्रभावकारी चेतनाको जागरणले मात्र सम्भव छ । नेपालको राजनैतिक इतिहासमा हरेक प्रणाली परिवर्तनको कारण नागरिकको सचेतना थियो। २०८२ भदौको जेनजी आन्दोलनले यही तथ्यलाई पुनः प्रमाणित गरेको छ । भविष्यमा नेपालले दिगो स्थायित्व र समृद्धिको बाटो समाउनको लागि व्यक्तिगत स्वार्थ केन्द्रित दलीय चेतनालाई राष्ट्रिय हितको चेतनाले प्रतिस्थापन गर्नुको विकल्प छैन ।

जबसम्म नेता र नागरिक दुवैले इमानदारी र सुशासनलाई आफ्नो सामूहिक चेतना बनाउँदैनन् तबसम्म कुनै पनि राजनैतिक प्रणाली सफल हुन सक्दैन । चेतनाको जागरणले मात्र सुशासन सम्भव हुन्छ। जब नागरिकले गलत कुरा सहन गर्दिनँ भन्ने चेतना देखाउँछ तब मात्र शासकहरू सही बाटोमा आउन बाध्य हुन्छन् । प्रत्येक नागरिकले अब नेतालाई मात्र होइन स्वयंलाई पनि मैले समाजका लागि के गरें ? भनेर प्रश्न गर्ने चेतनाको उद्घोष गर्ने र जवाफदेहितामा स्पष्ट हुनुपर्दछ ।

अरूको नक्कल गर्नेभन्दा नेपालको विशिष्ट भौगोलिक, सांस्कृतिक र सामाजिक पहिचानलाई विश्वसामु स्थापित गर्ने नेपालीपनको मौलिक आत्मविश्वास को चेतना विकसित गर्नुपर्छ। नेपालीपनको नयाँ परिभाषालाई केवल भूगोलमा होइन बरु इमानदारी, देशभक्ति र सामाजिक न्यायको उच्च नैतिक चेतनामा आधारित गर्दै भ्रष्ट समाज होइन सचेत समाज निर्माणको यात्रा तय गर्नुपर्छ ।

समाजमा व्याप्त विकृति, भ्रष्टाचार र अस्थिरतालाई बदल्नका लागि सबैभन्दा पहिले हरेक व्यक्तिले आफ्नो आन्तरिक चेतनामा परिवर्तन ल्याउनु आवश्यक छ । जबसम्म नागरिकले म पनि शासक हुँ र यो राष्ट्र मेरो पनि हो भन्ने गहन चेतना विकास गर्दैनन् तबसम्म कुनै पनि राजनैतिक प्रणाली वा क्रान्तिले स्थायी सुख र समृद्धि ल्याउन सक्दैन ।

नेपाली समाजको आजको समस्या ऐनामा देखिएको धमिलो तस्बिर जस्तै हो। जुन तस्बिरलाई सफा गर्नका लागि बाहिरको ऐना होइन बरु ऐना हेर्ने चेतनालाई नै शुद्ध पार्न जरूरी छ। नेपाली समाजमा अहिले देखिने निराशा अस्थायी हो। जब सचेत नागरिकहरू जाग्छन् तब यो सामूहिक चेतना एक शक्तिशाली लहर बन्नेछ र समाज अर्थात् चेतनाको प्रतिविम्ब स्वतः उज्ज्वल बन्नेछ । अनलाईन खबरबाट सभार

